आज मितिः २०८२/०१/०५ गतेका यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री कुश बहादुर थेबे ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँ कार्यपालिकाको दोस्रो कार्यकालको ४९औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| | |
|---|---|
| श्री कुश बहादुर थेबे | गाउँपालिका अध्यक्ष |
| श्री प्रविना राई | गाउँपालिका उपाध्यक्ष |
| श्री याम कुमार कार्की | १ नम्बर वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुवेदी | २ नम्बर वडा अध्यक्ष |
| श्री राम घिमिरे | ३ नम्बर वडा अध्यक्ष |
| श्री डुरन देवान | ४ नम्बर वडा अध्यक्ष |
| श्री निर्मलध्वज राई | ५ नम्बर वडा अध्यक्ष |
| श्री दिपेश सोंङमी | ६ नम्बर वडा अध्यक्ष |
| श्री कमला न्यौपने | कार्यपालिका सदस्य |
| श्री धनलक्ष्मी सोंङमी | कार्यपालिका सदस्य |
| श्री राम कुमारी परियार | कार्यपालिका सदस्य |
| श्री लक्ष्मी राई | कार्यपालिका सदस्य |
| श्री अम्बर बहादुर थामी | कार्यपालिका सदस्य |
| श्री छत्र बहादुर दर्जी | कार्यपालिका सदस्य |
| श्री कुमार बस्नेत | सदस्य सचिव |

अन्य उपस्थितिः

श्री [illegible] का. शाखा प्रमुख

श्री गोकुल प्र. पंजेल

श्री डम्बर कु. चिरौला

श्री बसन्त ढुङ्गेल बालसञ्जाल सचिव

श्री अशोक लिम्बू

## प्रस्तावहरु

### मिति२०८२/०१/०५ गतेको ४९औं कार्यपालिका बैठकको प्रस्तावनाहरु

१. अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्बन्धमा।

२. संस्थागत विद्यालयको कक्षा थप अनुमति सम्बन्धमा।

३. स्थानिय पाठ्यपुस्तक लागु गर्ने सम्बन्धमा।

४. म्याद थपको सीमा समाप्ति पश्चात सम्झौता भएका योजनाहरुलाई अनुमोदन गर्ने सम्बन्धमा।

५. आ.व. ०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

६. स्वास्थ्य सेवा तर्फ स्टाफ नर्सको रिक्त दरबन्दीको पदपूर्ति र छनौट परिक्षा (संचालन) विधि तोक्ने सम्बन्धमा।

७. लघु उद्यम कार्यक्रम (Medpa) संचालन सम्बन्धमा।

८. विभिन्न विषयगत शाखाहरुमा आवश्यक फर्निचर (र्याक, टेवल, दराज, कुर्सी) तथा विद्युतिय सामग्रीहरु (Printer, Desktop, Laptop) खरिद सम्बन्धमा।

९. माईजोगमाई आधारभूत अस्पताललाई बीमा सम्बन्धि Software उपलब्ध गराउने सम्बन्धमा।

१०. स्वास्थ्य सेवा तर्फ रिक्त दरवन्दी पदपूर्तिका लागि यस भन्दा अगाडिका वैकल्पिक सूचिमा रहेका उम्मेदवारहरुलाई सिफारिस गर्ने सम्बन्धमा।

११. कोटेशन खरिद प्रकृया मार्फत संचालन हुने भौतिक निर्माण योजनाहरु संचालनका लागि निर्माण कर्ता व्यवसायीहरु सूचिकृत गर्ने सम्बन्धमा।

१२. रुलुक पुल प्रोटेक्शन तथा बाटो मर्मत सम्बन्धमा।

१३. प्रमेश राई भोटिङ आर्थिक सहयोग सम्बन्धमा।

१४. कर्मचारीहरुलाई सेवाकालिन तालिमको लागि रकम विनियोजन गर्ने सम्बन्धमा।

१५. घरेलु तथा साना उद्योग कार्यलयको सीप विकास सम्बन्धी तालिम

१६. माईजोगमाई को गौरवको योजनाको बाँकी रहेको काम कोटेशन मार्फत संचालन सम्बन्धमा।

१७. धरौटी रकम सदरस्याहा गर्ने सम्बन्धमा।

१८. सा.सु भत्तामा डिभाईस ईनेबल गराउने सम्बन्धमा।

१९. स्वास्थ्य सेवा तर्फका रिक्त दरबन्दि हरुमा लोकसेवा माग गर्ने

२०. उपभोक्ता समितिबाट गरीने आयोजना संचालन सम्बन्धमा।

२१. घर भाडा सम्बन्धमा।

२२. कार्यक्रम संचालन स्वीकृत सम्बन्धमा।

२३. मेकानिकल इन्जिनीयर सँग सम्झौता गरी ठूला मेसिन मर्मत सम्बन्धमा।

२४. आर्थिक सहायता सम्बन्धमा।

२५. आयोजनाको म्याद थप सम्बनध्मा।

२६. पशु विज्ञानको कक्षा ११ र १२ को अध्यन अनुमति सम्बन्धमा।

CamScanner

निर्णयहरुः-

१. प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा ४८औं कार्यपालिका बैठकका सम्पूर्ण निर्णयहरु कार्यान्वयन भएको पाईएकोले सन्तोषजनक प्रगति भएको समिक्षा गरियो ।

२. यस माईजोगमाई गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८१।११।१५ गतेको सिफारिस बमोजिम तपशिलका विद्यालयहरुलाई कक्षा ७ थपको अनुमति प्रदान गर्ने निर्णयको आवश्यक कागजपत्र तथा निर्णयहरु अध्ययन गरी कक्षा थप गर्ने शिक्षा समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

तपशिलः

क. श्री पाथिभरा अङ्ग्रेजी बोर्डिङ स्कूल माईजोगमाई-१

ख. श्री बतासे वृन्दावन वोर्डिङ स्कूल माईजोगभाई- ४

३. यस माईजोगमाई गाउँपालिकाको मातहतमा रहेको सम्पूर्ण विद्यालयहरुमा यस गाउँपालिकाद्वारा निर्माण गरीएको **"मनोहर माईजोगमाई र प्रविधि शिक्षा"** स्थानीय पठ्यक्रममा आधारीत पाठ्यपुस्तक कक्षा १ मा यसै शैक्षिक वर्ष २०८२ देखि लागु हुनेगरी शिक्षा समितिबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

४. हिउँदे अधिवेशनबाट स्वीकृत योजनाहरुको र १६औ गाउँसभाबाट विनियोजित भई सम्झौता हुन बाँकी रहेको आयोजनाहरु आगामि फागुन मसान्त भित्र अनिवार्य सम्झौता अनिवार्य गर्ने भनि निर्णय भएता पनि हाल सम्म पनि सम्झौता हुँदै आएका आयोजनाहरुलाई अनुमोदन गर्ने र बाँकी रहेका आयोजनाहरु समेत सम्झौता गरी कार्यान्वियन गर्ने निर्णय गरीयो ।

५. आ.व. ०८१/०८२ को सार्वजनिक सुनुवाई कार्यक्रम वडा नम्बर १ नयाँबाजर र वडा नम्बर २ को वडा कार्यालय भवनमा २ पटक गर्ने निर्णय गरीयो । र सोको लागि मिति आगामि कार्यापालिकाबाट तय गर्ने निर्णय गरीयो ।

६. यस माईजोगमाई गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थामा रिक्त रहेको स्टाफ नर्सहरु पदपूर्तिका लागि आवेदन आव्हान गर्ने निर्णय गरीयो ।

७. यस माईजोगमाई गाउँपालिका र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा संचालित गरिबि निवारणका लागि लघु उद्यम कार्यक्रमको कार्यविधि २०७७ बमोजिम नै संचालन भएता पनि हाललाई उक्त कार्यविधिको दफा ११ लाई तपशिल बमोजिम खर्चको ब्रेकडाउन गर्ने निर्णय गरियो ।

तपशिलः

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

मेड्पा सञ्चालन निर्देशिका २०७७ को दफा ११ सँग सम्वन्धित वजेट विवरण आ.व. २०८१/८२ को नयाँ लघु उद्यमी सृजना तथा स्तरोन्नतीका लागि बजेट बाँडफाँड माईजोगमाइ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, इलाम कोशी प्रदेश नेपाल ।

| क.स | विवरण | परिमाण | जम्मा रु. | कै. |
|---|---|---|---|---|
| १. | उद्यम विकासका लागि सामाजिक परिचालन | ६ वटा | १५,५००। | |
| २. | उद्यमशिलता विकास तालिम | १ वटा | ९७,०००। | |
| ३. | प्राविधिक सिप विकास तालिम | २ वटा | १,६९,७५०। | |

कुश बहादुर
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ४. | उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण | समुहमा | १,१६,१५०। |
| ५. | लघु कर्जामा पहुँच विस्तार | २ वटा | २१,९००। |
| ६. | बजारिकरण सेवा | २ वटा | २१,९०५। |
| ७. | उद्यम विकास सहजकर्ता परिचालन | १ जना | ४,७७,७९२.७। |
| जम्मा | | | ९,२०,०००। |
| ८. | भैरहेको उद्यमीहरुको स्तरोन्नती | समुहमा | २,४०,०००। |
| ९. | उपयुक्त प्रविधि समुहमा हस्तान्तरण | समुहमा | १,४०,०००। |
| जम्मा | | | ८,८०,०००। |
| जम्मा : तेह्र लाख रुपैया मात्र । | | | १३,००,०००। |

## नँया लघु उद्यमी सिर्जना र विकास तर्फ

| क.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | नँया उद्यमी सिर्जना र विकास तर्फ | जना | ३२ | | ९,२०,०००। |
| जम्मा | | | | | ९,२०,०००। |

## १. उद्यम विकासका लागि सामाजिक परिचालन

**क) सहभागितात्मक ग्रामिण लेखाजोखा :**

| क.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | सहभागि खाजा | जना | ३९ | १००। | ३,९००। |
| २. | सहभागि स्टेशनरी | जना | ३९ | ८०। | ३,१२०। |

**ख) घरधुरी सर्वेक्षण र फारम प्रिन्ट :**

| क.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | फारम प्रिन्ट | प्रति | | | |
| क) | फारम ए | प्रति | ६५ | ३५। | २,२७५। |

कुश बहादुर थेवे
अध्यक्ष

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ख) | फारम वी | प्रति | ५० | २५। | १,२५०। |
| ग) | फारम सि | प्रति | ३० | ४०। | १,२००। |
| घ) | फारम डि | प्रति | १० | २०। | २,००। |
| ङ) | फारम जि १ | प्रति | १० | १५ | १५०। |
| च) | फारम जि २ | प्रति | १० | १५ | १५०। |
| जम्मा | | | | | ५,२१०। |

ङ) समुह निर्माण तथा क्षमता अभिवृद्धि :

| क्र.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | रजिष्टर | जना | १ | १५०। | १५०। |
| २. | वचत रजिष्टर | जना | १ | ३००। | ३००। |
| ३. | ऋण रजिष्टर | वटा | १ | ३००। | ३००। |
| ४. | स्ट्याम प्याड | वटा | १ | २००। | २००। |
| ५. | पञ्चिङ मेशिन | वटा | १ | २००। | २००। |
| ६. | स्ट्यापलर | वटा | १ | १००। | १००। |
| ७. | रेकर्ड फाइल | वटा | ५ | १०। | १०। |
| ८. | क्याल्क'लेटर | वटा | १ | ३००। | ३००। |
| ९. | स्केल | | १ | ३५। | ३५। |
| | | | | | १,६३५। |
| दुई समुहको लागी | | | | | ३,२७०। |

## २. उद्यमशिलता विकास तालिम [TOPE\TOSE] :

| क्र.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | उद्यमशिलता विकास तालिम | वटा | २ वटा | ४८,५००। | ९७,०००। |
| जम्मा | | | | | ९७,०००। |

## ३. सिप विकास तालिम :

... बहादुर थेबे
अध्यक्ष

CS CamScanner

| क्र.स | विवरण | इकाई | दिन | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | प्राविधिक सीप विकास तालिम | जना | | ३४ जना | १,६९,७५०। | १,६०,७५०। |
| कुल जम्मा खर्च | | जना | | ३४ | | १,६९,७५०। |

## ५. उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरण

| क्र.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | प्रविधि पहुँच तथा हस्तान्तरण | वटा | १ समुहमा | | १,१६,१५०। |
| जम्मा | | | | | १,१६,१५०। |

## ४. लघु कर्जामा पहुँच

| क्र.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | लघु कर्जामा पहुँच | वटा | १ समुहमा | २१,९००। | २१,९००। |
| जम्मा | | | | | ११,९००। |

## ६. बजारिकरणमा पहुँच विस्तार तथा व्यवसायिक परामर्श :

| क्र.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | वजारिकरणमा पहुँच विस्तार तथा व्यवसायिक परार्मश | वटा | १ समुहमा | २१,९०५। | २१,९०५। |
| जम्मा | | | | | २१,९०५। |

## ७. उद्यम विकास सहजकर्ता परिचालन :

| क्र.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | उद्यम विकास सहजकर्ता | जना | १ | ३२,९०१.५। | ३,९४,८६१.२। |
| २ | चाडपर्व खर्च | | १ | ३२,९०१.५। | ३२,९०१.५। |
| २. | पोशाक खर्च | जना | | १०,०००। | १०,०००। |
| ३ | कर्मचारी फिल्ड तथा मिटिङ | | | ४०,०००। | ४०,०००। |
| जम्मा | | | | | ४,७७,७९२.७ |

माईजोगमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम जिल्ला कोशी प्रदेश, नेपाल २०७३

कुश बहादुर थेबे
अध्यक्ष

भैरहेका उद्यमीहरुको स्तरोन्नती कार्यक्रम तर्फ :

| क्र.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | स्तरोन्नती | जना | २० | | २,४०,०००। |
| जम्मा | | | | | २,४०,०००। |

१) एडभान्स सिप विकास तालिम :

| क्र.स | विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | विभिन्न एडभान्स सिप विकास तालिमहरु | वटा | | एकमुष्ट | २,४०,०००। |
| जम्मा | | | | | २,४०,०००। |

२) उपयुक्त प्रविधी समुहमा हस्तान्तरण :

| क्र.स | विवरण | इकाई | परिमाण | समय | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | प्रविधि हस्तान्तरण | समुहमा | | | | १,४०,०००। |
| जम्मा | | | | | | १,४०,०००। |

८. यस माईजोगमाई गाउँपालिकाको कर्मचारी बैठकमा विभिन्न विषयगत शाखा तथा अन्य निकायहरुबाट माग भएका वडा तथा स्वास्थ्यहरुमा संस्थामा आवश्यक ल्यापटप, प्रिन्टर, डेक्सटप, फर्निचरहरु कुर्सी, दराज, र्याक, जस्ता कार्यालय संचालन र सेवा प्रवाहका लागि अत्ति आवश्यक सामग्रीहरु आवश्यकताका आधारमा बजेट श्रोत समेतलाई मध्यनजर गरि खरिद गरी उपलब्ध गराई कार्यालय संचालन गर्ने निर्णय गरीयो।

९. माईजोगमाई गाउँपालिकाको आधारभूत अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रको व्यवस्थापन समितिबाट भएका खर्चहरु हाल सम्म लेखा परिक्षण नभएको हुँदा यथासिघ्र लेखा परिक्षण गराई सोको प्रतिवेदन गाउँपालिका समक्ष बुझाउने जिम्मा स्वास्थ्य शाखा प्रमुख श्री राम शंकर देवलाई तोक्ने र उक्त स्वास्थ्य संस्थामा संचालनमा रहेको बिमा, फार्मेसि तथा ओपिडि कार्डको प्रयोजनार्थ संचालनमा रहेको सफ्ट्वेयर खरिद प्रकृया भएको हुँदा उक्त सफ्टवेयरको भुक्तानि उपलब्ध गराउने निर्णय समेत गरियो।

१०. यस माईजोगमाई गाउँपालिका स्वास्थ्य शाखा अन्तर्गत रिक्त रहेको अ.हे.व, सहायक स्तर चौथो पदमा यस अघि मिति२०८१/०९//१७ गते संचालित परिक्षामा वैकल्पिक सूचिमा छनौट भएका तपशिल बमोजिमका वैकल्पिक सूचि बमोजिम सेवा करारमा सम्झौता गरि कामकाजमा लगाउने र सूचित गर्दा उपस्थित हुन कुनै उम्मेदवार नआएमा पछिल्लो वैकल्पिक योग्यताक्रमको व्यक्तिलाई सेवा करारमा सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो।

तपशिलः

क.गोपाल गौतम माईजोगमाई-५

ख.सादना चापागाई माईजोगमाई – ५

ग. साहिल खान दमक नगरपालिका- ९

११. यस माईजोगमाई गाउँपालिकाद्वारा गरीने कोटेशन मार्फतका आयोजना तथा सार्वजनिक खरिद ऐन बमोजिम खरिद गरीने सम्पूर्ण आयोजनाहरुको प्राप्त निवेदनलाई सार्वजनिक खरिद ऐन बमोजिम गाउँपालिकामा सूचिकृत गर्न लगाई आयोजना संचालन गर्ने निर्णय गरीयो । सोको राजश्व यस गाउँपालिकाको आर्थिक ऐनमा फर्म संघ संस्था सूचिकृत शिर्षकमा व्यवस्था भए बमोजिम हुने निर्णय गरीयो ।

१२. यस माईजोगमाई गाउँपालिकाको वडा नम्बर ६ इलाम नगरपालिका जोडने माईखोलामा रहेको रुलुक पुलको संरक्षण गर्ने कार्य तथा बाटो मर्मत यस माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत कार्यक्रमको ब.सि.नं. ९३ ख.शि.नं. ३११९३ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत खर्च शिर्षकमा विनियोजित रु १५,००,०००/- सार्वजनिक खरिद ऐन बमोजिम विद्युतिय बोलपत्र आव्हान गरी ठेक्का निकाल्ने निर्णय गरीयो ।

१३. भोइस अफ नेपाल सिजन ६ का उत्कृष्ठ ४ को सूचिमा पर्न सफल इलाम जिल्ला रोङ गाउँपालिकाका प्रमेश राईलाई भोटिङ सहायता स्वारुप रु ३००००/- तीस हजार उपलब्ध गराउने निर्णय गरीयो । उक्त रकम आर्थिक सहायता खर्च शिर्षक उपलब्ध गराउने निर्णय गरीयो ।

१४. यस माईजोगमाई गाउँपालिकाको कार्यालयमा कार्यरत तपशिलका कर्मचारीहरुलाई ३० कार्यदिने सेवाकालिन तालिममा सहभागि हुनका लागि कार्यालयको दैनिक कामकाजमा बाधा नपर्ने गरी अनुमति उपलब्ध गराउने र उक्त तालिमको लगि यस गापाको आ.व. २०८१/०८२ को रातो किताबको को सि.नं. ४७ मा रहेको ख.सि.नं. २२५११ को कर्मचारी तालिम खर्च शिर्षकबाट प्रति कर्मचारी रु २००००/- बीस हजार रुपैयाँ मात्रका दर ले निजहरुको माग बमोजिम तालिम खर्च सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरीयो ।

तपशिलः

| | |
|---|---|
| क. ओङ्चु काजी | असइ |
| ख. तिलक लाप्चा | असइ |
| ग. मनिष थापा | असइ |
| घ. अनिता घिमिरे | सहायक चौथो (वडा सचिव) |

१५. घरेलु तथा साना उद्योग इलामबाट सूचना जारी भए बमोजिम यस कार्यालयबाट सूचना आव्हान भएकोमा कृष्ठल बनाउने तालिमलाई अनुमति दिने निर्णय गरीयो । र उक्त तालिम/कार्यक्रम यहि मिति २०८२/०१/१४ गते आइतबार बाट गाउँपालिका सभाहलमा संचालन गरीने निर्णय समेत गरीयो ।

१६. यस माईजोगमाई गाउँपालिकाको वडा नम्बर ३ मा संचालनमा रहेको गौरवका आयोजा शुक्रबारे बजार ढलान को ठेक्काबाट बाँकी रहेको रकमको बाँकी कार्य उपभोक्ता समितिबाट गराउने निर्णय गरियो ।

१७. यस माईजोगमाई गाउँपालिकाको धरौटी खातामा रहेको धरौटी बापतको रकम यस अघि धरौटी फिर्ताको लागि सार्वजनिक सूचना मार्फत जानकारी गराईएकोमा सूचनामा लेखिएको समयावधि भित्र कुनै पनि व्यक्ति/संघ/संस्था/तथा अन्य निकायबाट दाबि विरोध नभएकोले उक्त रकमलाई प्रचलित नियमबमोजिम सदरस्याहा गरी गा.पा.को संचित कोषमा आम्दानी बाँध्ने निर्णय गरीयो ।

१८. राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग द्वारा जारी गरीएको परिपत्र तथा निर्देशन बमोजिम आगामि आर्थिक वर्ष देखि अनिवार्य [illegible]याट्रिक प्रविधि मार्फत गर्ने र [illegible]ने भनी निर्णय भए बमोजिम यस माईजोगमाई गाउँपालिकाको

कुश बहादुर
अध्यक्ष

सम्पूर्ण वडाहरुमा डिभाईस उपलब्ध गराई लाभग्राहिको विवरण/बायोम्याट्रिक गर्ने कार्य यसै आर्थिक वर्ष देखि नयाँ दर्ता गर्दा अनिवार्य बायोम्याट्रिक लागु गर्ने र पुरानाको हकमा सम्भव भए सम्म वडा कार्यालयको समन्वयमा यहि आर्थिक वर्ष भित्र सुरुवात गर्ने र सम्भव नभएमा आगामि आ.वको सूरूमा नियमित नविकरण समयमा अनिवार्य रुपमा बायोम्याट्रिक इनेबल गराउने निर्णय गरीयो ।

१९. यस माईजोगमाई गाउँपालिकाको स्वास्थ्य सेवा अन्तर्गतका रिक्त रहेको संघिय सरकारबाट स्वीकृत दरवन्दिमा प्रदेश लोकसेवा आयोग समक्ष माग आकृति फारम भरि पठाउने निर्णय गरियो ।

२०. यस माईजोगमाई गाउँपालिकाको मिति २०७९/०६/२६ को ११औ गाउँकार्यपालिकाको बैठकको प्रस्ताव नम्बर २ मा निर्णय भए अनुसार कुनैपनि आयोजनाको काम गर्दा बढिमा ४० प्रतिशत मेसिन प्रयोग गर्न सकिने निर्णय भएता पनि यस आर्थिक वर्ष २०८१/८२ मा विनियोजन भएका तपशिल बमोजिमका योजनाहरुमा भौगोलिक विकटता भएको कारणले सडक निर्माण गर्दा मेसिन नै प्रयोग गर्नु पर्ने प्राविधिक प्रतिवेदन समेतका आधारमा ४० प्रतिशत वा सो भन्दा माथि मेसिन बाट नै काम गर्न निम्न योजनाहरुलाई अनुमति दिने निर्णय गरीयो ।

निम्नः

क. साविक टोल न ५ बाट सुनुवार गाउँ सडक विस्तारवडा नम्बर-५

तपशिलः

क) नाँके डाडाँ असोजे सिस्ने सडक विस्तार माईजोगमाई-४

२१. यस माईजोगमाई गाउँपालिका अन्तर्गत आधारभूत अस्पतालमा कार्यरत डाक्टर यासमिन शेर्पाको आवास प्रयोजनार्थ यस पालिका वडा नम्बर १ निवासी माईतु शेर्पा सँग यस गघि गरेको घर भाडा सम्झौता लाई निरन्तरता दिने निर्णय गरीयो ।

२२. यस माईजोगमाई गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रमको ब.सि.नं. ६२ **को लैङ्गिक समानता सामाजिक समाबेसीकरण सम्बन्धी अभिमुखीकरण तथा लैङ्गिक बजेट निर्माण क्षमता बिकास** कार्यक्रम अन्तर्गत योजना संचालन गर्नका लागि इलाम जिल्ला स्थित संचालित **सूत्रधार पब्लिकेशन प्रा.लि** लाई छनौट गरी सो कार्यक्रम संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरीयो ।

२३. यस माईजोगमाई गाउँपालिकाको कार्यालयमा संचालनमा रहेको ठूला मेसिन स्काभेटर, ब्याकहोलोडर, ट्रिफर, स्कर्पियो, डबल क्याब पिकअप भ्यान, एम्बुलेन्स जस्ता ठूला मेसिन मर्मत गर्दा अनिवार्य मेकानिकल इन्जिनियरको प्रारम्भिक तथा अन्तिम प्रतिवेदन तथा स्टिमेट आवश्यक पर्ने भनि सार्वजनिक खरिद ऐनमा प्रस्ट उल्लेख भएको हुँदा गाउँपालिकामा उक्त ऐनमा लेखिए बमोजिमको दरबन्दी नहुने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त काउन्सिल नम्बर प्राप्त मेकानिकल इन्जिनियर **श्री दिपक कुमार झा** सँग यस वर्षको लागि रु ५००००/- पचास हजार रुपैयाँमा सम्झौता गरी भुक्तानी र मर्मत बाँकी रहेका मर्मतको समेत प्रकृया अगाडी बढाउने निर्णय गरीयो ।

२४. यस माईजोगमाई गाउँपालिकाको आर्थिक सहायता कार्यविधि २०७५ बमोजिम तपशिलमा उल्लेख भएका अत्ति विपन्न नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क्र.स | नाम थर | ठेगाना | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | उदिप राई | माईजोगमाई-३ | स्वास प्रस्वास सम्धि | रु १५०००/- |
| २ | चन्द्र कला देवान | माईजोगमाई-३ | क्यान्सर | रु१५०००/- |
| ३ | थिर बहादुर राई | माईजोगमाई-१ | मेरुदण्ड भाँचिएको | रु १५०००/- |
| ४ | सन्तोष देवान | माईजोगमाई-३ | मृगौला | रु १५०००/- |
| ५ | जंग बहादुर खड्का | माईजोगमाई-५ | मृगौला | रु १५०००/- |
| ६ | डिल्लि माया दर्जी | माईजोगमाई-५ | घर पहिरोले लगेको | रु १५०००/- |
| ७ | हिरा माया मगर | माईजोगमाई-५ | क्यान्सर | रु १५०००/- |
| ८ | गंगा प्रसाद पौडेल | माईजोगमाई-१ | मृगौलामा पथ्थरी | रु १५०००/- |
| ९ | प्रभाष तामाङ | माईजोगमाई-१ | मुत्रासय सम्बन्धि | रु १५०००/- |
| १० | प्रियान्स परियार | माईजोगमाई-१ | हाईड्रोसिल | रु १५०००/- |
| ११ | निमा ग्याल्जेन | माईजोगमाई-१ | फोक्सो | रु १५०००/- |
| १२ | धन बहादुर थापा | माईजोगमाई-५ | फोक्सो प्रोस्टेट | रु १५०००/- |
| १३ | योबिस दंगाल | माईजोगमाई-३ | क्यानसर | रु १५०००/- |
| १४ | करन विश्वकर | माईजोगमाई-४ | घाँटीको समस्या | रु १५०००/- |
| १५ | नविन कुमार श्रेष्ठ | माईजोगमाई-३ | खुट्टाको हड्डि भाँचिएको | रु १५०००/- |
| १६ | अम्बिका घिमिरे | माईजोगमाई-५ | ब्रेन ट्युमर | रु १५०००/- |
| १७ | रेड हर्स फुटबल क्लब इलाम | इलाम | फुटबल प्रतियोगिता | रु २००००/- |
| १८ | क्लब ओएसिस | इलाम | फुटबल प्रतियोगिता | रु २००००/- |
| १९ | जिल्ला ब्याडमिन्टन संघ | इलाम | ब्याडमिन्टन प्रतियोगिता | रु २००००/- |
| २० | गन्दर्भ सेवा समाज | कचनकवल झापा | कन्धर्भ समाज | रु २००००/- |

CamScanner

२५. प्रस्तुत विषयमा यस माईजोगमाई गाउँपालिकामा निर्माणाधिन बहुबर्षे ठेक्का नम्बर MJRM/NBC/WORKS/078/079-9 Construction of 15 Bed Primary Hospital Building at Maijogmai Rural Municipality को आवश्यक साइड उपलब्ध गराउन कठिन भएको कारण समयमा नै निर्मार्णकार्य नसकिएकाले उक्त आयोजना संचालनमा ढिला भई मिति २०८१ चैत ३ गते सम्ममा निर्माण कार्य नसकिएको हुँदा उक्त आयोजनाको मिति २०८२ चैत मसान्त सम्म म्याद थप गर्ी आयोजना संचालन गर्ने निर्णय गरीयो।

२६. प्रस्तुत विषयमा यस माईजोगमाई गाउँपालिकाको कार्यालयमा कार्यरत ना.प्र.स्वा.प्रा. श्री सुमन लावतीको कक्षा ११ र १२ को अध्ययन गर्नका लागि कार्यालयको कामकाजमा असर नपर्ने गरी अध्ययन गर्न अनुमति प्रदान गर्ने निर्णय गरीयो।

माईजोगमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इलाम जिल्ला कोशी प्रदेश, नेपाल
२०७३

कुश बहादुर थेबे
अध्यक्ष